राष्ट्रिय किसान आयोगमा संघ संगठन, संजाल दर्ता तथा विषय विशेषिज्ञको सूचि तयार पार्ने सम्वन्धी सूचना
(प्रकाशित मितिः-२०७५।०९।०५)

राष्ट्रिय किसान आयोगको कार्यकारी आदेश २०७३ को दफा ६(ठ) मा उल्लेख भए बमोजिम किसान संघ संगठन र संजालहरु (समूह, सहकारी, गैं.स.स. बाहेक) को दर्ता तथा विषय विशेषज्ञको सूचि तयार पार्ने सम्वन्धी सुचना यस आयोगको वेभसाईट www.nfc.gov.np तथा आयोगको सूचना पार्टीमा प्रकाशित भएको हुदाँ सूचना प्रकाशनको मितिबाट एक महिना (१) भित्र आयोगको कार्यालयमा कार्यालय समयभित्र दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै किसान संघ संगठन र संजालहरुको दर्ता र विषय विशेषज्ञको सूचि तयार पार्ने सम्वन्धी आवश्यक कागजातको व्यहोरा, अन्य योग्यता साथै अन्य विस्तृत विवरण आयोगको वेभसाईट र सूचनापाटीमा प्रकाशित भएको हुँदा सोही सूचना हेर्नुहुन तथा सम्पर्क नं ०१-५०१००६८, ०१-५५२००८५ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

सदस्य सचिव

राष्ट्रिय किसान आयोग, हरिहरभवन, ललितपुर ।

## राष्ट्रिय किसान आयोगबाट विषय विशेषज्ञको सूचि तयार पार्ने सम्वन्धी सूचना
(प्रकाशित मिति:-२०७५।०९।०५)

राष्ट्रिय किसान आयोगबाट विषय विशेषज्ञको सूचि तयार पार्ने सम्वन्धमा तपशिल अनुसारका योग्यता र अन्य आवश्यक कागज प्रमाण सहित सूचना प्रकाशनको मितिबाट एक महिना(१) भित्र आयोगको कार्यालयमा कार्यालय समयभित्र दरखास्त आव्हानको लागी यो सूचना प्रकाशित गरिएको छ।

१. <u>राष्ट्रिय किसान आयोगवाट विषय विशेषज्ञको लागि आवश्यक योग्यता</u>

- कम्तीमा कृषि/ पशु विज्ञान/ अर्थशास्त्र/ व्यवस्थापन संकाय/ समाजशास्त्र/ अन्य विज्ञान संकायका विषयमा कम्तीमा स्नाकोत्तर अध्ययन गरेको
- वाली, पशुपंक्षी, मत्स्य विज्ञान, कीट विज्ञान, अर्थशास्त्र, व्यपस्थापन, समाजशास्त्र/ अन्य विज्ञान/ किसानका हक अधिकारका विषयको क्षेत्रमा सरकारी ,गैर सरकारी तथा सामाजिक क्षेत्रमा रही कम्तीमा २० वर्ष सेवा गरेको
- हाल नेपाल सरकारको निजामती सेवा वोर्ड संस्थान परिषद तथा आयोग आदीमा पदमा बहाल नरहेको
- कृषि सम्बद्ध विविध समस्याहरुको पहिचान तथा उच्च विश्लेशण क्षमता भएको
- आवश्यकता अनुसार नेपालको जुनसुकै भागमा गई काम गर्न सक्ने
- सावर्जनिक क्षेत्रसँग समन्वय गरी काम गर्न सक्ने
- नेपाली तथा अंग्रेजी दुवै भाषाको दख्खल भएको
- Microsoft word Microsoft Excel and power point सम्बन्धी ज्ञान भएको

२. <u>निवेदन साथ संलग्न कागजातहरु</u>

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- फोटो सहितको व्यक्तिगत विवरण (यसै सूचना साथ तोकिएको ढाँचामा)
- सम्वन्धित क्षेत्रमा कार्य अनुभव रहेको प्रमाणहरुको प्रतिलिपि
- PAN दर्ताको प्रमाणपत्रको प्रतिलिपि

सदस्य सचिव

राष्ट्रिय किसान आयोग, हरिहरभवन, ललितपुर ।

## राष्ट्रिय किसान आयोगमा किसान संघ संगठन संजाल दर्ता सम्बन्धी सूचना ।

(प्रकाशित मिति-२०७५/०१/०५)

राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३ को दफा ६(ठ)मा उल्लेख भएबमोजिम किसान संघ संगठन, संजालहरु(समूह,सहकारी, गैं.स.स वाहेक) को दर्ताको लागी आबेदन माग भएकोले किसान संघ संगठन दर्ता कार्यविधि २०७४ को दफा ४ मा उल्लेख भएका तपशिल अनुसारका आवश्यक कागज प्रमाण सहित अनूसुचि १ को ढांचामा सूचना प्रकाशनको मितिबाट एक महिना(१) भित्र आयोगको कार्यालयमा कार्यालय समयभित्र दरखास्त आव्हानको लागी यो सूचना प्रकाशित गरिएको छ।

<u>तपशिल</u>

(क) प्रस्तावित किसान संघ/संगठन, संजालको प्रमाणित सक्कल विधान/विनियम-२ प्रति

(ख) किसानहरु भेला भई किसान संघ/संगठन,संजाल गठन गर्ने निर्णय गरेको निर्णय पुस्तिकाको निर्णय प्रतिलिपी- थान १

(ग) किसान संघ/संगठन, संजाल गठनमा आवद्ध पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी- थान १

(घ) किसान संघ/संगठन, संजालको कार्ययोजना

(ङ) किसान संघ/संगठन, संजालको दर्ता सम्वन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमूना सहितको सक्कल अधिकारपत्र

(च) आवेदन पत्रमा नयाँ किसान संघ/संगठन, संजालको हकमा प्रस्तावित किसान संघ/संगठन, संजालको तदर्थ समितिको अध्यक्षले र यो कार्यविधि जारी हुनु अगाडी देखी नै कृयाशिल किसान संघ/संगठन, संजालको हकमा किसान संघ/संगठन, संजालको अध्यक्ष, सभापति वा संयोजकले दस्तखत गरेको हुनु पर्दछ ।

(छ) यो कार्यविधि जारी हुनु भन्दा अगाडी नेपालमा कृयाशिल किसान संघ/संगठन, संजालहरुको दर्ताको हकमा माथी उल्लेखित बुंदाहरु (ख), (ग), (घ), (ङ) र (छ) बाहेकका अन्य प्रावधानहरु मात्र आवश्यक पर्ने छ ।

नोट-किसान संघ संगठन, संजाल दर्ता सम्बन्धी आवश्यक निवेदनको ढांचाको लागी किसान संघ संगठन दर्ता कार्यविधि २०७४ को (अनूसूची १) आयोगको वेभसाईट www.nfc.gov.np बाट डाउनलोड गर्न सकिने तथा अन्य विस्तृत जानकारीको लागी सम्पर्क नं ०१-५०१००६८, ०१-५५२००८५ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

सदस्य सचिव

राष्ट्रिय किसान आयोग, हरिहरभवन, ललितपुर ।